# पानी तान्न सौर्य ऊर्जा

तनहुँ, मंसिर १९ (रासस)- गजरकोट-८ का दलित र नेवार बस्तीका महिलाले सोलार पम्पिङबाट गाउँमै पानीका धारा कलकल बग्न थालेपछि पानी बोक्ने झन्झटबाट मुक्ति पाएका छन् । विद्युत सेवा नपुगेको र पानीको स्रोत सहजै पुऱ्याउन नसकिने ती बस्तीमा सोलार पम्पिङ खानेपानी योजना सम्पन्न भएको छ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र ऊर्जा क्षेत्र सहयोग कार्यक्रमको क्षेत्रीय नवीकरणीय सेवा केन्द्र ग्रामीण सशक्तीकरण समाजद्वारा गजरकोट -८ मा दुईवटा सोलार पम्पिङ खानेपानीको उद्घाटन गरिएको छ।

यहाँ विद्युत सेवा नपुगेको र खानेपानी लिन दुई घन्टा हिँड्नुपर्ने भएकाले यहाँका महिलालाई लक्ष्य गरी सोलर पम्पिङ आयोजनाबाट खानेपानी योजना निर्माण गरिएको समाजका अध्यक्ष सरिता गुरुङले बताए।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक गोविन्दराज पोखरेल र एफडब्लुका दक्षिण एसिया ऊर्जा डिभिजन प्रमुख प्याट्रिय सृजादीले संयुक्त रूपमा सो आयोजनाको उद्घाटन गरेका थिए। दुई आयोजनामध्ये धारादी सौर्य खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको १० लाख, गजरकोट गाविसको दुई लाख, स्थानीय जनश्रमदान पाँच लाख ९३ हजार गरी १७ लाख रूपैयाँको लागतमा उक्त आयोजना निर्माण गरिएको समितिका अध्यक्ष भीमलाल विकले बताए।

योजनाबाट उक्त ठाउँका ३१ घर दलित परिवार लाभान्वित भएका छन् । आयोजनाको मुहानमा १० हजार लिटर क्षमताको ट्याङ्की र एक सय २५ मिटर पर सिद्धाडाँडामा २० हजार लिटरको ट्यांकीबाट हाल नौ धारा वितरण गरिएको छ।

भदौरी सौर्य खानेपानी तथा सरसफाइ उपभोक्ता समिति र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको १० लाख, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयको पाँच लाख, उपभोक्ताको जनश्रमदान छ लाख, सांसद् विकास कोषको ५० हजार गरी २१ लाख ८७ हजार रूपैयाँमा आयोजनाको निर्माण पूरा भएको समितिका अध्यक्ष चेतनारायण श्रेष्ठले बताए।